# अपाङ्गका लागि स्वयंसेवक संघ नेपाल

## विधान २०६१

### प्रस्तावना

नेपाल जस्तो एउटा विकासशिल राष्ट्रको लागि सरकारी र गैह्र-सरकारी क्षेत्रको संयुक्त प्रयासको आवश्यकता देखिन्छ । प्रजातन्त्रको पुर्नवहाली सँगै देशमा प्राप्त बहुदलिय प्रजातन्त्रमा रहेको संवैधानिक व्यवस्था अनुरुप स्वतन्त्र रुपमा कार्य गर्ने संघ सस्थाको स्थापनाको द्रुत गतिलाई सकारात्मक मान्नुपर्छ । नेपालको आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा गैह्र-सरकारी संस्थको भुमिका अपरिहार्य छ । देशमा बढ्दो अशिक्षा अज्ञानताको कारण आर्थिक विपन्नता र गरीवी सँगै सामाजिक विसंगति पनि दिन प्रतिदिन बढीरहेको छ । यस्तो परिस्थितिमा गैह्रसरकारी क्षेत्रको भुमिका थप बढेको छ । तसर्थ ग्रामिण क्षेत्रमा क्षेत्रमा असहाय, अपाङ्ग तथा अनाथहरुको सर्वाङ्गिण विकासको लागि पहल गर्दै उनिहरुको हक अधिकार र मानव अधिकार संरक्षणको लागि **अपाङ्गका लागि स्वयंसेवक संघ** नामक संस्था एक गैह्रसरकारी संस्थाको रुपमा स्थापना भएको हो । यो संस्था मुनाफा रहित बिशुद्ध सामाजिक संस्थाको रुपमा रही नेपाल सरकारको साझेदारको रुपमा कार्यरत रहने छ ।

## परिच्छेद १

### प्रारम्भिकी

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस संस्थाको नाम : नेपालीमा **अपाङ्गका लागि स्वयंसेवक संघ नेपाल** र अंग्रेजीमा **Volunteer Association For Disabled** र छोटकरीमा **VAD Nepal** भनिने छ ।

ख) संस्थाको ठेगाना : यस संस्थाको कार्यालय काठमाण्डौं जिल्ला ठमेल वाड नं २९ मा रहने छ र आवश्यकता अनुसार अधिराज्यको अन्य जिल्लामा पनि सम्बन्धित स्थानिय अधिकारीको स्वीकृति लिई शाखा खोल्न सकिने छ।

ग) प्रारम्भ : यो विधान स्थानिय अधिकारीबाट स्विकृत प्राप्त भएको मिति देखि लागु हुनेछ।

घ) कार्य क्षेत्र : संस्थाको कार्य क्षेत्र नेपाल अधिराज्य भर रहने छ।

ङ) आवद्धता : यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाण्डौं र समाज कल्याण परिषद काठमाण्डौंमा र अन्य निकाय समेतमा आवद्धता गर्न सकिने छ।

च) संस्थाको अस्तित्व : यो संस्था एक अविच्छिन्न उतराधिकारवाला संगठित स्वाधिन, स्वाशासित मुनाफा रहित गैह्र राजनिक तथा गैह्रसरकारी संस्था हुनेछ।

छ) संस्था व्यक्ति सरह हुने : यो संस्थाले व्यक्ति सरह हुनेछ। यसले कसै उपर नालिस उजुर गर्न सक्नेछ र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ। संस्थाले चल अचल सम्पत्ति उपभोग गर्न सक्ने छ।

ज) संस्थाको छाप : संस्थाको आफ्नो छुट्टै "छाप तथा चिन्ह हुनेछ", छाप तथा चिन्ह कार्यसमितिले तोके बमोजिम रहनेछ।

## परिच्छेद २

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) संस्था भन्नाले : अपाङ्गका लागि स्वयंसेवक संघलाई संम्झनु पर्दछ।

ख) समिति भन्नाले : यसै विधान बमोजिम गठन हुने अपाङ्गका लागि स्वयंसेवक संघको कार्य समितिलाई जनाउँछ।

ग) कार्यसमितिका सदस्य : भन्नाले यस विधान बमोजिम गठित कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र अन्य सदस्यहरुलाई समेत जनाउँछ।

घ) स्थानिय अधिकारी भन्नाले : प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ।

ङ) ऐन : भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्दछ ।

च) पदाधिकारी भन्नाले : यस संस्थाका पदाधिकारीलाई जनाउँछ ।

छ) नियम : भन्नाले यस विधान अर्न्तगत बन्ने नियम तथा विनियमलाई जनाउँछ ।

ज) तोकिए बमोजिम भन्नाले : यस विधानमा बन्ने नियम बिनियममा तोकिए बमोजिम हुनेछ ।

झ) सभा भन्नाले : यस विधान अर्न्तगतको साधारण सभालाई जनाउँछ ।

## परिच्छेद ३

### ३. संस्थाको उद्धेश्यहरु

१) समाजमा रहेका अपाङ्ग, अनाथ, असहायका लागि कार्यक्रम सञ्चालनको लागि पहल गर्ने ।

२) समाजमा पिछडिएका अपाङ्ग, अनाथ तथा असहाय, मानिसहरुलाई सीपमुलक तथा आय मुलक तालिम सञ्चालन गरि आत्मनिर्भर बनाउने ।

३) अपाङ्ग, अनाथ तथा असहायको न्युनतम आवश्यकता गाँस, वास र कपास परिपुर्तिका लागि पहल गर्दै उनिहरुको स्वास्थ्य उपचारको लागि विभिन्न संघ संस्थासँग समन्वय गर्ने ।

४) समाजमा अपाङ्गलाई हेर्ने परम्परागत रुढीवादी परम्पराका विरुद्ध जनचेतना फैलाउने ।

५) अपाङ्गता भएका व्यक्तिहरुलाई (शारीरिक, मानसिक, बौद्धिक र संवेदनात्मक ) अपाङ्गताका किसिम र क्षमताका आधारमा निशुल्क शिक्षा एवम् सीपमुलक व्यवसायिक तालिमको सु-अवसर प्रदान गर्ने ।

६) अपाङ्ग र अपाङ्गता सम्बन्धि अनुसन्धानात्मक कायक्रम सञ्चालन गर्दै जन स्वास्थ्य शिक्षा सम्बन्धि कार्यक्रम लागु गर्ने कार्यमा सहयोग गर्ने ।

७) यो संस्थाले कार्यसञ्चालन गर्दा सम्बन्धित निकायको स्वीकृत राष्ट्रिय योजना, नीति कार्यक्रमअनुसार सम्बन्धित निकायको जिल्लास्थित कार्यालयमा समन्वय गरी पुर्व इजाजत वा स्वीकृती समेत लिई सञ्चालन गरिनेछ ।

## परिच्छेद ४

### ४. सदस्यता सम्बन्धि व्यवस्था

४.१ सदस्यताको निमित्त योग्यता :

क) संस्थाको उद्धेश्यलाई स्वीकार वा उद्धेश्य परिपुर्तिका लागि सहयोग गर्न ईच्छुक १६ बर्ष उमेर पुगेका जुनसुकै नेपाली नागरीक यो विधानको अधिनमा रहि सदस्य बन्न सक्नेछ ।

ख) सदस्य बन्नका लागि प्रचलित कानुन अनुरुप योग्य व्यक्ति हुनु पर्नेछ ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियागमा अदालतबाट दोषी प्रमाणित नभएको ।

ङ) कुनै कानुनले अयोग्य नभएको ।

च) अन्य संस्थाको रकम हिनामिना गरि कारवाहीमा नपरेको ।

छ) सदस्यता प्रति घर, जग्गा बढीमा एक जनाको दरले दिईने छ ।

४.२ सदस्यको प्रकार

१) साधाराण सदस्य : १६ वर्ष उमेर पुगेको नेपाली नागरीक जसले यस संस्थाको उद्धेश्य प्राप्तीका लागि सक्रिय भई लागि पर्ने भावना वा ईच्छा राखी संस्थालाइृ सहयोग गर्नसक्ने व्यक्तिलाई साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

२) आजीवन सदस्य : यस विधानमा निर्धारित रकम संस्थाकोलागि एकमुष्ठ बुझाउने खण्ड ४.२.१ बमोजिमका व्यक्तिहरुलाई आजिवन सदस्यता प्रदान गर्न सकिने छ ।

३) मानार्थ सदस्य : संस्थाको उद्धेश्य पुरागर्नमा मद्धत गर्ने, र संस्थाले आवश्यक ठहर्‍याएका, संस्थालाई उल्लेखनिय सहयोग गर्ने व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ ।

स्पष्टिकरण : मानार्थ सदस्यले छलफलमा भाग लिन पाउने छ तर मतदानमा भाग लिन पाउने छैन, र गणपुरक संख्याको लागि पनि अनिवार्य हुनेछैन ।

४.३ सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

क) साधारण सदस्य बन्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. २०० ( दुई सय मात्र) र वार्षिक नविकरण शुल्क रु. १०० ( एक सय मात्र ) तिर्नु पर्नेछ । सदस्यता वार्षिक रुपमा असार मसान्त भित्र नविकरण गर्नुपर्नेछ ।

ख) आजीवन सदस्यता लिन चाहने व्यक्तिले एकमुष्ठ रु. २००० (दुई हजार मात्र) तिरेपछि कार्यसमितिको सिफारिसमा साधारण सभाको निर्णय अनुसार आजीवन सदस्यता पाउने छ ।

ग) संस्थाद्धारा निर्धारित ढाँचाको फारम भरेपछि कार्यसमितिले सदस्यता प्रदान गर्न योग्य ठहराएमा साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

४.४ सदस्यता अयोग्य हुने स्थिति :

क) प्रत्यक्ष वा अपत्यक्ष रुपले संस्थाको विधान (उद्धेश्य) विपरित काम गर्ने व्यक्ति ।

ख) मानसिक रुपले अशक्त व्यक्ति ।

ग) वार्षिक सदस्यता शुल्क नबुझाएमा ।

घ) स्वेच्छिक तरिका बाट ।

ङ) सदस्य रहेको अवस्थामा फौजदारी अभियोग लागि सजाय तोकिएको अवस्थामा ।

च) १६ बर्ष उमेर नपुगेको ।

छ) गैह्र नेपाली नागरिक ।

यस दफा अर्न्तगत कुनै सदस्य व्यक्ति अयोग्य हो वा होईन भन्ने प्रश्न उठेमा त्यसको ठहर गर्ने अन्तिम अधिकार कार्य समितिलाई हुनेछ ।

४.५ सदस्यको प्रकार समाप्ति :

क) नेपाली नागरिकता परित्याग गरेमा ।

ख) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

ग) कार्यक्षेत्र छोडी अन्यत्र बसोबास गर्न गएमा ।

घ) राजिनामा दिई सदस्यता नविकरण नगराएमा ।

ङ) संस्थाको हित विपरित कार्य गरेको प्रमाणित भएमा ।

च) साधारण सभाको ७५ प्रतिशत बहुमतले सदस्यता खारेज गरेमा ।

## परिच्छेद ५

### ५. साधारण सभा र कार्य समिति

५.१ साधारण सभा :

संस्थाको सम्पुर्ण अधिकारको श्रोत साधारण सभा हुनेछ । साधारण सभामा देहाय अनुसारका सदस्यहरु रहनेछन् ।

क) साधारण सदस्यहरु

ख) आजीवन सदस्यहरु

ग) कार्य समितिका सदस्यहरु

घ) मानार्थ सदस्यहरु (मत प्रदान गर्ने अधिकार हुनेछैन)

५.२  साधारण सभाको प्रकार :

साधारण सभा दुई प्रकारबाट बस्न सक्ने छ ।

क) बार्षिक साधारण सभा : प्रत्येक वर्ष कार्यसमितिले तोकेको समय र स्थानमा संस्थाको साधारण बस्ने छ । सभाको गणपुरक सस्खा ६० प्रतिशत हुनेछ र सो संख्या नपुगेमा ७ दिन भित्र बोलाईएमा ५१ प्रतिशत गणपुरक संख्या मान्य हुनेछ । विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सामान्य तथा बहुमतको निर्णय मान्य हुनेछ ।

ख) विशेष साधारण सभा : कार्यसमितिको बहुमतले वा साधारण सभाको एक तिहाईले माग भएको २१ दिन भित्र बिशेष साधारण सभा बस्ने छ र विशेष साधारण सभा बस्ने सुचना हरेक सदस्यलाई सात दिन अगावै जानकारी लिखितरुपमा गराउनु पर्नेछ ।

५.३ साधारण सभाको काम, कर्तव्य र अधिकार :

क) संस्थाको नीति, वजेट र कार्यक्रम तर्जुमा गर्ने ।

ख) संस्थाको कार्य समितिको निर्वाचन गर्ने ।

ग) साधारण सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी निर्णय लिने ।

घ) संस्थाको उद्धेश्य प्राप्तिका लागि अन्य आवश्यक काम गर्ने ।

ङ) लेखा परिक्षकको नियुक्ति गर्ने, लेखा परिक्षणको प्रतिवेदन अनुमोदन गर्न सक्नेछ र आगामी वर्षको वजेट अनुमोदन गर्न सक्ने  छ ।

च) संस्थाको सर्वोच्च अङ्गको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने ।

छ) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

५.४ कार्य समिति :

क) संस्थाको तर्फबाट संस्थाको सम्पुर्ण कार्यहरु गर्न साधारण सभाबाट एउटा कार्य समितिको गठन गरिने छ ।

जसमा निम्न बमोजिमका पदाधिकारीहरु रहने व्यवस्था छ ।

१. अध्यक्ष ....................१

२. उपाध्यक्ष ..................१

३. सचिव ......................१

४. कोषाध्यक्ष ..................१

५. सहसचिव ..................१

६. सदस्य .......................२ जम्मा ७ जनाको गठन हुनेछ ।

ख) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

५.५ कार्य समितिको काम, कर्तव्य र अधिकार :

क) साधारण सभाबाट भएको निर्णय एवम् कार्यक्रम कार्यान्वयन गर्ने र गर्न लगाउने ।

ख) उद्धेश्य अनुरुप कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार, स्वदेशी तथा विदेशी व्यक्ति, स्वदेशी तथा विदेशी संघ संस्थासँग कार्यक्रम सम्बन्धि सम्झौता गर्न र कार्यान्वयन गर्ने गराउने ।

ग) सस्थाको उद्धेश्य परिपुर्ति गर्न कार्यक्रमको विस्तार भएमा आवश्यकता अनुसार देशका विभिन्न भागमा शाखा स्थापना गर्ने, व्यवस्थित रुपले सञ्चालन गर्ने ।

घ) संस्थाको उद्धेश्य प्राप्तिका लागि आवश्यक पर्ने नियम, विनियमहरु बनाउने ।

ङ) संस्थाको आय व्यय सम्बन्धि वार्षिक वजेट र कार्यक्रमलाई साधारण सभामा पेश गर्ने ।

च) संस्थाको कार्य सञ्चालनका लागि आवश्यक कर्मचारी नियूक्ति गर्ने, सेवाको सर्तहरु तोक्ने र हटाउने ।

छ) संस्थाको नाममा चल अचल सम्पत्ति प्राप्त गर्ने, संरक्षण गर्ने र आवश्यकता अनुसार हक हस्तान्तरण गर्ने ।

ज) संस्थाको हित एवम् विकासका लागि कार्यक्रम तर्जुमा गर्ने र लागु गर्न लगाउने ।

## परिच्छेद ६

### ६. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

६.१ अध्यक्ष :

क) कार्य समिति र साधारण सभाको अध्यक्षता गर्ने र निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ख) संस्थाका कर्मचारीहरुको नियन्त्रण र कार्य विभाजन गर्ने गराउने ।

ग) संस्थाको हक, हित र सम्पत्तिको संरक्षण गर्ने ।

घ) कार्य समितिले गर्ने भनिएका कामको लागि पुर्ण जिम्मेवारी लिने, संस्थाको विधान, नियम, विनियम अनुसार गर्नुपर्ने अन्य काम गर्ने गराउने ।

ङ) उद्धेश्य प्राप्तिको लागि अन्य राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्था तथा व्यक्तिहरु सँग सम्बन्ध र समन्वय स्थापना गर्ने ।

६.२ उपाध्यक्ष :

क) अध्यक्षले प्रत्यायोजन गरे अनुसारको कार्य गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक सभापति भई कार्य गर्ने ।

ग) संस्थाको उद्धेश्य प्राप्तिको लागि नियम परिधि भित्र रही कार्य गर्ने ।

६.३ सचिव :

क) अध्यक्षको निर्देशन अनुसार साधारण सभा र कार्यसमितिको बैठक बोलाउने ।

ख) संस्थाका कर्मचारीको सुपरिवेक्षण गरी काममा लगाउने ।

ग) साधारण सभामा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने, पेश गर्ने ।

घ) कार्य समितिको कार्य सुचि तयार गर्ने, निर्णय पुस्तिका र कागजात आफ्नो जिम्मामा राख्ने ।

ङ) समय समयमा अध्यक्षबाट भएको निर्देशन अनुसार कार्य गर्ने ।

६.४ कोषाध्यक्ष :

क) संस्थाको कोष सम्बन्धि जवाफदेही र जिम्मेवारी लिने ।

ख) कार्य समितिको निर्णय अनुसार रकम खर्च गर्ने र तत्सम्बन्धि लेखा दुरुस्त राख्ने ।

ग) साधारण सभामा आय व्यय सम्बन्धि लेखा परिक्षण गराई प्रतिवेदन पेश गर्ने ।

घ) आगामी वर्षको अनुमानित वजेट साधारण सभामा पेश गर्ने ।

ङ) संस्थाको आर्थिक विकास सम्बन्धि काम गर्ने ।

६.५ सहसचिव :

क) सचिवको अनुपस्थितिमा अध्यक्षबाट स्वीकृती लिई सचिवले गर्ने कार्य गर्ने ।

ख) संस्थाको विकारका लागि कार्य समितिको काम, कर्तव्य र अधिकार अनुसार कार्य गर्ने ।

६.६ सदस्य :

क) सभा तथा कार्य समितिको बैठकमा सहभागी हुने ।

ख) नीति निर्देशन बनाउनमा सहयोग पुर्‍याउने ।

ग) कार्यसमितिले सुम्पेको जिम्मेवार संस्थाका नियम र उद्धेश्य परिपुर्ति हुने कार्य गर्ने ।

घ) संस्थाको हित र उद्धेश्य पुर्तिका लागि कार्य समितिको कार्यक्षेत्र भित्र रही कार्य गर्ने ।

## परिच्छेद ७

### ७ आर्थिक व्यवस्था

७.१ संस्थाको आर्थिक श्रोत निम्न अनुसार हुनेछ ।

क) सदस्यता शुल्कबाट प्राप्त रकम ।

ख) दान, दातव्य तथा अनुदानबाट प्राप्त रकम ।

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था बाट प्राप्त रकम ।

घ) पुरस्कार तथा प्रशंसा वापत प्राप्त रकम ।

ङ) संस्थाले उपलब्ध गराएका सेवा वा परामर्श बापत प्राप्त रकम ।

च) नेपाल सरकार तथा स्वदेशी तथा विदेशी व्यक्ति तथा संघ संस्थाबाट आफुखुशी दिएको सहयोगबाट प्राप्त रकम तर विदेशी संस्थाको सहयोग लिनु पर्दा नेपाल सरकारको पुर्व स्वीकृती लिईने छ ।

छ) प्राप्त हुने विभिन्न राशीबाट प्राप्त हुने व्याजबाट आउने रकम ।

७.२ कोष :

संस्थाको चल अचल सम्पत्ति रहेको एउटा कोष हुनेछ । जसको लेखा प्रचलित कानुनको ढाँचामा अध्यावधिक राखिनेछ ।

७.३ बैंक खाताको सञ्चालन : नेपालमा सञ्चालनमा रहेको कुनै बैंकमा खाता खोलिने छ । खाता सञ्चालन संस्थाका अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयूक्त दस्तखतबाट सञ्चालन

गरिनेछ भने कोषाध्यक्ष अनिवार्य हुने गरि कम्तिमा २ जनाको दस्तखतबाट रकम निकाल्न सकिने छ।

७.४ लेखा परिक्षण :

क) नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परिक्षकद्धारा वार्षिक रुपमा संस्थाको लेखा परिक्षण गराईने छ।

ख) लेखा परिक्षणको एक प्रति स्थानिय अधिकारी र समाज कल्याण परिषद तथा सम्बन्धित कार्यालयहरुमा पठाईने छ।

## परिच्छेद ८

### ८ विविध

८.१ निर्वाचन सम्बन्धि व्यवस्था :

क) साधारण सभाबाट निर्वाचन प्रयोजनको लागि मात्र मनोनित ३ सदस्यीय निर्वाचन समितिले संस्थाका कार्यसमिति पदाधिकारीको निर्वाचन गराउने छ।

ख) संस्थाको विधान स्वीकृत भएको ६ महिना भित्र साधारण सभा बसी निर्वाचन गरी सो को सुचना स्थानिय अधिकारीलाई दिईने छ।

ग) निर्वाचन समितिले आफ्नो काम तथा निर्वाचन प्रक्रिया आफै व्यवस्थित गर्ने छ।

८.२ अविश्वासको प्रस्ताव :

संस्थाका कुनै पदाधिकारी वा सदस्य उपर कारण सहित साधारण सभाको एकचौथाई सदस्यको लिखित प्रस्तावमा साधारण सभा समक्ष अविश्वासको प्रस्ताव पेश हुन सक्नेछ। यस्तोमा तुरुन्त साधारण सभा बोलाईने छ। सम्बन्धित पदाधिकारी वा सदस्यलाई अविश्वासको प्रस्ताव सम्बन्धमा लिखित जानकारी गराई सफाई पेश गर्ने ७ दिनको समय दिईने छ। साधारण सभामा कुल सदस्यको २/३ बहुमतबाट त्यस्तो प्रस्ताव पारित भएमा

प्रस्तावित पदको व्यक्ति पद मुक्त हुनेछ । निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी पुनः त्यस व्यक्ति उपर त्यस्तो प्रस्ताव ल्याईने छैन । अध्यक्ष पदमुक्त भएमा सम्पुर्ण पदाधिकारीको नै निर्वाचन गरिने छ । कुनै अन्य पदाधिकारी वा सदस्यको हकमा त्यो पद रिक्त हुनेछ र नयाँ सदस्यलाई विधान अनुरुप मनोनित वा चुनावबाट छनौट गरिन्छ ।

८.३ विधानको संसोधन :

यस विधानको संसोधन साधारण सभाका सम्पुर्ण सदस्यहरुको दुई तिहाई वहुमतले पारित गरेको प्रस्ताव अनुसार हुनेछ । र सोको स्वीकृती स्थानिय अधिकारीबाट लिएपछि मात्र संसोधित विधान लागु हुनेछ ।

८.४ नियम विनियम वनाउने :

यो विधानसँग नबाझिने गरी र संस्थाको उद्धेश्य अनुरुप कार्य गर्न कार्य समितिको निर्णय अनुसार नियम, विनियम बनाई लागु गर्न सक्नेछ ।

८.५ संस्थाको विघटन :

कुनै कारणले संस्थाको विघटन भएमा संस्थामा रहेको सम्पुर्ण जाय जेथा, चल अचल सम्पत्ति नेपाल सरकारमा स्वत जानेछ ।

८.६ निस्क्रिय :

यस विधानमा लेखिएका कुनै कुरा प्रचलित कानुनसँग बाझिएमा, बाझिएका हदसम्म स्वत निस्क्रिय हुनेछ । यस संस्थाको नाम, छाप र चिन्ह यस पुर्व दर्ता भएको संस्थाको नाम, छाप र चिन्हसँग मिलेमा तुरुन्त यस संस्थाको नाम, छाप र चिन्ह नियमानुसार संशोधन गरिने छ ।

८.७ अधिकार प्रत्यायोजन :

यस विधान वा नियम अनुसार कुनै पदाधिकारीलाई प्राप्त सबै वा केही अधिकार कार्य समितिका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सकिनेछ । विधानमा उल्लेख गरीएका अधिकार वाहेक अन्य अधिकार प्रत्यायोजन गर्दा कार्य समितिलाई जानकारी दिनु पर्नेछ ।

८.८ व्याख्या :

क) यो विधानको अन्तिम व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

ख) संस्थाको सदस्य वा कुनै पदाधिकारी उपर सभामा अन्य कुनै पनि अभद्र वा अश्लिल शब्द प्रयोग गर्न पाईने छैन ।

८.९ सल्लाहकार समिति :

राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरु रहने गरि सल्लाहकार समिति गठन गरिने छ जुन कार्यसमितिले छनौट गरे बमोजिम हुनेछ ।

८.१० निर्देशनको पालना :

स्थानिय अधिकारीले समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तव्य हुनेछ ।